# धर्मदेवी नगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

मुढेशनिश्वरे, सङ्खुवासभा

कोशी प्रदेश, नेपाल

कोशी प्रदेश पर्यटन वर्ष २०८२

प.सं. :-२०८२।०८३

च.नं. :-

**किसान सूचीकरण कार्यक्रमको लागि सहजकर्ता आवश्यकता सम्बन्धी सूचना।**

(प्रथम पटक प्रकाशित मितिः २०८२/०५/२०)

धर्मदेवी नगरपालिकाको चालु आ.व. २०८२/८३ को स्वीकृत कार्यक्रम अन्तर्गत वडा नं ४,५,६,७,८ र ९ मा रहेका किसानहरुको सूचीकरणको लागि किसान परिवारको वैयक्तिक तथा कृषि तथ्याङ्क संकलन तथा किसान सूचीकरण प्रणालीमा तथ्याङ्क प्रविष्टि गर्नुपर्ने भएकाले योग्यता पुगेका सम्बन्धित वडा भित्रका इच्छुक व्यक्तिहरुले सूचना प्रकाशन भएको मितिले १५ दिनभित्र आवश्यक कागजातहरु सहित यस कार्यालयमा दरखास्त निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः

| क्र. स | विज्ञापन नं. | पद | छनौट विधि | माग संख्या | सेवा सुविधा | परीक्षा दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | १/२०८२/८३(कृषि) | किसान सूचीकरण सहजकर्ता(गणक) | सर्टलिष्ट तथा अन्तरवार्ता | ६ जना | किसान सूचीकरण प्रणाली व्यवस्थापन तथा सञ्चालन निर्देशिका, २०८१ तथा किसान सूचीकरण कार्यमा संलग्न सहजकर्ता र सम्पर्क व्यक्तिको सेवा सुविधा सम्बन्धी खर्चको मापदण्ड(नर्मस्), २०८२ बमोजिम | रु.५००/- |

योग्यताः

१) १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको, धर्मदेवी नगरपालिकाभित्र स्थायी बसोबास गरेको, ल्यापटप र स्मार्टफोन चलाउन सक्ने क्षमता भएको, कृषक घरधुरीमा गई तथ्याङ्क लिन तथा किसान सूचीकरण प्रणालीमा तथ्याङ्क प्रविष्ट गर्न सक्ने

२) सहजकर्ता प्रत्येक वडाको लागि १ जनाको दरले छनौट गरिने छ र सम्बन्धित वडाका लागि सोहि वडामा स्थायी बसोबास गरेको हुनुपर्नेछ।

आवश्यक कागजातहरु:

१) आवेदन फाराम

२) मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्तिमा कक्षा १२ उत्तीर्ण गरेको प्रमाणपत्रको प्रतिलिपि

३) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि

४) धर्मदेवी नगरपालिका, राजश्व शाखामा परीक्षा दस्तुर बुझाएको सक्कल भौचर

२०८२/०५/२०

प्रयाश भट्टराई

प्रमुख प्रशासकीय अधिकृत

फोन नं. :०२९-४१४००६, ०२९-४१४००७, ०२९-४१४००८,gmail : dharmadevimun@gmail.com, website : www.dharmadevimun.gov.np